# सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण ऐन, २०७७

<u>प्रमाणीकरण मिति</u>
२०७८।०४।२०

<u>प्रस्तावना</u>: स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने प्रत्येक नागरिकको मौलिक हकको संरक्षण गर्न, वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षति वापत पीडितलाई प्रदूषकबाट क्षतिपूर्ति उपलब्ध गराउन, वातावरण र विकास बिच समुचित सन्तुलन कायम गर्न, प्रकृति, वातावरण र जैविक विविधतामा पर्ने प्रतिकूल वातावरणीय प्रभाव न्यूनीकरण र अनुकूल प्रभावलाई बढावा गर्न, सम्पदाको संरक्षण गर्न तथा जलवायु परिवर्तनको चुनौतीलाई न्यूनीकरण र अनुकूलनका माध्यमवाट सामना गर्नको लागि सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण सम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस ऐनको नाम "सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कोष" भन्नाले दफा १४ बमोजिमको प्रदेश वातावरण संरक्षण कोष सम्झनु पर्छ ।

(ख) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ग) "निर्देशनालय" भन्नाले मन्त्रालय अन्तर्गतका निर्देशनालयहरु सम्झनु पर्छ ।

(घ) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेशलाई सम्झनु पर्छ ।

(ङ) "प्रस्ताव" भन्नाले विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको विकास कार्य, भौतिक क्रियाकलाप वा भू-उपयोगको परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा तयार गरिएको प्रस्ताव सम्झनु पर्छ ।

(च) "प्रस्तावक" भन्नाले प्रस्ताव स्वीकृतिको लागि निवेदन दिने वा प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति प्राप्त व्यक्ति वा सरकारी, अर्धसरकारी वा गैरसरकारी निकाय वा संस्था सम्झनु पर्छ ।

(छ) "प्रारम्भिक वातावरणीय परीक्षण" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा यकिन गर्नुको साथै त्यस्तो प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्नका लागि अवलम्बन गरिने उपायको सम्बन्धमा विश्लेषणात्मक रुपमा गरिने अध्ययन तथा मूल्याङ्कन सम्झनु पर्छ ।

(ज) "पूरक वातावरणीय प्रभाव मूल्याङ्कन" भन्नाले एक पटक स्वीकृत भइसकेको वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी प्रस्तावमा आंशिक रुपमा भौतिक पूर्वाधार, डिजाइन वा स्वरुप परिमार्जन गर्न, संरचना स्थानान्तरण वा फेरबदल गर्न, वन क्षेत्र थप गर्न वा आयोजनाको क्षमता वृद्धि गर्नको लागि पेश भएको प्रस्ताव उपर पुनः गरिने वातावरणीय प्रभाव मूल्याङ्कन सम्झनु पर्छ ।

(झ) "परिषद्" भन्नाले दफा १५ बमोजिमको वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन प्रदेश परिषद् सम्झनु पर्छ ।

(ञ) "मन्त्रालय" भन्नाले वातावरण सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ ।

(ट) "वातावरणीय अध्ययन प्रतिवेदन" भन्नाले संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण, वातावरणीय प्रभाव मूल्याङ्कन वा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा तयार गरिएको प्रतिवेदन सम्झनु पर्छ ।

(ठ) "वातावरणीय प्रभाव मूल्याङ्कन" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा यकिन गर्नुको साथै त्यस्तो प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्नका लागि अवलम्बन गरिने उपायको सम्बन्धमा विस्तृत रुपमा गरिने अध्ययन तथा मूल्याङ्कन सम्झनु पर्छ ।

(ड) "सम्वन्धित मन्त्रालय" भन्नाले विकास निर्माण सम्बन्धी कार्य वा आयोजनाको प्रस्तावसँग सम्बन्धित प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ ।

(ढ) "संक्षिप्त वातावरणीय अध्ययन" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा त्यसबाट वातावरणमा पर्ने प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्नको लागि अवलम्बन गरिने उपायको सम्बन्धमा संक्षिप्त रुपमा गरिने अध्ययन सम्झनु पर्छ ।

(ण) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।

## परिच्छेद-२

## वातावरणीय अध्ययन

३. वातावरणीय अध्ययन गर्नुपर्ने : प्रस्तावकले अनुसूची-१ मा उल्लिखित प्रस्तावको हकमा संक्षिप्त वातावरणीय अध्ययन, अनुसूची-२ मा उल्लिखित प्रस्तावको हकमा प्रारम्भिक वातावरणीय परीक्षण र अनुसूची-३ मा उल्लिखित प्रस्तावको हकमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्नेछ ।

४. क्षेत्र निर्धारण गर्नुपर्ने : (१) यस ऐन बमोजिम कुनै प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपूर्व त्यस्तो प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षणको हकमा कार्यसूची र वातावरणीय प्रभाव मूल्याङ्कनको हकमा क्षेत्र निर्धारण र कार्यसूची स्वीकृत गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको क्षेत्र निर्धारणका लागि प्रस्तावकले प्रस्ताव कार्यान्वयन हुने स्थानीय तह तथा सो क्षेत्रमा रहेका सरोकारवाला निकाय, व्यक्ति वा

संस्थालाई उक्त प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावको सम्बन्धमा सात दिनभित्र लिखित सुझाव उपलब्ध गराउन सूचना प्रकाशन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको सूचना अनुसूची-४ बमोजिमको ढाँचामा सम्बन्धित स्थानीय तहको कार्यालय, सो क्षेत्रमा रहेको शैक्षिक संस्था, स्वास्थ्य संस्था तथा कुनै सार्वजनिक स्थलमा सूचना टाँस गरी मुचुल्का तयार गर्नु पर्नेछ र सोही बमोजिमको सूचना राष्ट्रियस्तरको कुनै एक दैनिक पत्रिका तथा आफ्नो वेबसाइट भए सोमा समेत प्रकाशन गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम सूचना प्रकाशन भएकोमा सो सम्बन्धमा कसैको राय सुझाव भए उपदफा (१) बमोजिमको अवधिभित्र सम्बन्धित प्रस्तावकलाई राय सुझाव दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त राय सुझाव र सो प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभाव समेत उल्लेख गरी प्रस्तावकले अनुसूची-५ बमोजिमको ढाँचामा क्षेत्र निर्धारणको प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम प्रतिवेदन तयार भएपछि प्रस्तावकले देहाय बमोजिमको क्षेत्र निर्धारण प्रतिवेदन देहायको निकाय समक्ष पेश गर्नु पर्नेछः-

(क) प्रदेश सरकारको अधिकारक्षेत्र भित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण कार्य वा आयोजना सम्बन्धी प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन प्रस्तावको क्षेत्र निर्धारण प्रतिवेदन सम्वन्धित मन्त्रालय समक्ष,

(ख) स्थानीय तहको अधिकारक्षेत्र भित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन प्रस्तावको क्षेत्र निर्धारण प्रतिवेदन भए सम्बन्धित स्थानीय तहको सिफारिस सहित मन्त्रालय समक्ष ।

(७) उपदफा (६) को खण्ड (क) बमोजिम पेश भएको वातावरणीय प्रभाव मूल्याङ्कनको लागि तयार गरिएको क्षेत्र निर्धारण प्रतिवेदन उपर सम्बन्धित मन्त्रालयले आवश्यक जाँचबुझ गरी आफ्नो राय समेत उल्लेख गरी प्रतिवेदन स्वीकृतिको लागि सिफारिस सहित दश दिनभित्र मन्त्रालय समक्ष पठाउनु पर्नेछ ।

(८) उपदफा (६) को खण्ड (ख) र उपदफा (७) बमोजिम क्षेत्र निर्धारणको प्रतिवेदन प्राप्त भएकोमा मन्त्रालयले प्राप्त प्रतिवेदन तथा संलग्न कागजात समेतलाई विचार गरी पेश भए बमोजिम वा आवश्यकता अनुसार परिमार्जन समेत गरी त्यस्तो प्रतिवेदन प्राप्त भएको मितिले दश दिनभित्र स्वीकृत गर्नु पर्नेछ ।

(९) उपदफा (७) र (८) को प्रयोजनको लागि दिन गणना गर्दा थप कागजात माग गरेकोमा त्यस्तो कागजात प्राप्त भएको मितिबाट र कुनै विषयमा थप स्पष्ट गर्न लेखी पठाएकोमा त्यस्तो विषयमा स्पष्ट भई आएको मितिबाट गणना गरिनेछ ।

५. कार्यसूची तयार गर्नुपर्ने : (१) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु अघि देहायको ढाँचामा कार्यसूची तयार गर्नु पर्नेछः-

(क) संक्षिप्त वातावरणीय अध्ययनसँग सम्बन्धित कार्यसूची अनुसूची-६ बमोजिम,

(ख) प्रारम्भिक वातावरणीय परीक्षणसँग सम्बन्धित कार्यसूची अनुसूची-७ बमोजिम,

(ग) वातावरणीय प्रभाव मूल्याङ्कनसँग सम्बन्धित कार्यसूची अनुसूची-८ बमोजिम ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको कार्यसूची स्वीकृतिको लागि प्रस्तावकले देहायको निकाय समक्ष पेश गर्नु पर्नेछः-

(क) अनुसूची-१ र अनुसूची-२ बमोजिमको विकास निर्माण कार्य वा आयोजनाको वातावरणीय अध्ययन सम्बन्धी कार्यसूची भए सम्बन्धित मन्त्रालय समक्ष,

(ख) अनुसूची-३ बमोजिमको विकास निर्माण सम्बन्धी कार्य वा आयोजनाको वातावरणीय अध्ययन सम्बन्धी कार्यसूची भए सम्बन्धित मन्त्रालयको सिफारिस सहित मन्त्रालय समक्ष,

(ग) स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण कार्य वा आयोजना सम्बन्धी प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कनसँग सम्बन्धित कार्यसूची भए सम्बन्धित स्थानीय तहको सिफारिस सहित मन्त्रालय समक्ष ।

(३) यस दफा बमोजिम कार्यसूची तयार गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने प्रस्तावको हकमा प्रस्तावकले दफा ४ बमोजिम स्वीकृत क्षेत्र निर्धारण प्रतिवेदन समेतको आधारमा तयार गर्नु पर्नेछ ।

तर प्रस्तावकले कुनै प्रस्तावको सम्बन्धमा क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूची बनाई स्वीकृतिको लागि एकै साथ पेश गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन सम्बन्धी कार्यसूची पेश भएकोमा सम्बन्धित मन्त्रालय वा स्थानीय तहले आवश्यक जाँचबुझ गरी आफ्नो राय सहित दश दिनभित्र मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(५) उपदफा (२) वा (४) बमोजिम प्रदेश सरकारको क्षेत्राधिकार भित्र पर्ने प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी कार्यसूचीको हकमा सम्बन्धित मन्त्रालय, सम्बन्धित मन्त्रालयबाट प्राप्त र स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन सम्बन्धी कार्यसूचीको हकमा मन्त्रालयले आवश्यक जाँचबुझ गरी मनासिब लागेमा पेश भए बमोजिम वा आवश्यकता अनुसार परिमार्जन समेत गरी त्यस्तो कार्यसूची प्राप्त भएको मितिले दश दिनभित्र स्वीकृत गर्नु पर्नेछ ।

(६) उपदफा (५) को प्रयोजनको लागि दिन गणना गर्दा थप कागजात माग गरेकोमा त्यस्तो कागजात प्राप्त भएको मितिबाट र कुनै विषयमा थप स्पष्ट गर्न लेखी पठाएकोमा त्यस्तो विषयमा स्पष्ट भई आएको मितिबाट गणना गरिनेछ ।

६. सार्वजनिक सुनुवाई गर्नुपर्ने : (१) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन तयारीको सिलसिलामा प्रस्तावको कार्यान्वयनबाट प्रभावित हुने क्षेत्रमा प्रस्तावको बारेमा सार्वजनिक सुनुवाईको आयोजना गरी राय सुझाव संकलन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक सुनुवाई गर्दा प्रस्तावकले प्रभावित स्थानीय समुदाय, वन उपभोक्ता समूह गठन भएको भए सो समूहको प्रतिनिधि तथा स्थानीय तहका प्रतिनिधिलाई समेत सहभागी गराउनु पर्नेछ ।

(३) प्रस्तावकबाट आयोजनाले समेट्ने भौगोलिक क्षेत्रको आधारमा आवश्यकता अनुसार एकभन्दा बढी स्थानमा सार्वजनिक सुनुवाईको आयोजना गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम सार्वजनिक सुनुवाई गर्ने प्रयोजनको लागि प्रस्तावकले सोको मिति, समय, स्थान र आयोजनाको सम्बन्धमा प्रचारप्रसार गर्नका

लागि स्थानीय पत्रिका, रेडियो वा अन्य सञ्चार माध्यमको प्रयोग गर्नुका साथै स्थानीय तहको सम्बन्धित वडा कार्यालय र आयोजना क्षेत्रको कुनै सार्वजनिक स्थलमा सूचना समेत टाँस गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिम आयोजना गरिएको सार्वजनिक सुनुवाईमा भएको उपस्थिति, सुनुवाईबाट प्राप्त सुझाव, तस्वीर तथा श्रव्य-दृश्य सामग्री समेत वातावरणीय अध्ययन प्रतिवेदनमा संलग्न गर्नु पर्नेछ ।

७. <u>वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने</u> : (१) दफा ४ बमोजिम स्वीकृत क्षेत्र निर्धारण प्रतिवेदन, दफा ५ बमोजिम स्वीकृत कार्यसूची तथा दफा ६ बमोजिम गरिएको सार्वजनिक सुनुवाईबाट प्राप्त सुझाव समेतको आधारमा प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(२) संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्दा प्रस्तावकले प्रस्ताव कार्यान्वयन हुने स्थानीय तह तथा सो क्षेत्रमा रहेका सम्बन्धित सरोकारवाला निकाय, व्यक्ति वा संस्थालाई उक्त प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावको सम्बन्धमा सात दिनभित्र लिखित सुझाव उपलब्ध गराउन सूचना प्रकाशन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको सूचना अनुसूची-९ बमोजिमको ढाँचामा सम्बन्धित स्थानीय तहको कार्यालय, सो क्षेत्रमा रहेको शैक्षिक संस्था, स्वास्थ्य संस्था तथा कुनै सार्वजनिकस्थलमा टाँस गरी मुचुल्का तयार गर्नु पर्नेछ । त्यस्तो सूचना कुनै एक स्थानीय पत्रिकामा प्रकाशन गरी प्रस्तावकको आफ्नो वेबसाइट भएमा सोमा समेत प्रकाशन गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सूचना टाँस वा प्रकाशन भएकोमा सो सम्बन्धमा कसैको राय सुझाव भए सूचनामा उल्लिखित अवधिभित्र सम्बन्धित प्रस्तावकलाई आफ्नो राय सुझाव दिन सक्नेछ ।

(५) यस दफा बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा देहायको ढाँचामा तयार गर्नु पर्नेछः-

(क) संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन अनुसूची-१० बमोजिम,

(ख) प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन अनुसूची-११ बमोजिम,

(ग) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनुसूची-१२ बमोजिम ।

(६) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा अनुसूची-१३ बमोजिमका विज्ञ मार्फत तयार गर्नु पर्नेछ ।

(७) यस ऐन बमोजिम तयार गरिने वातावरणीय अध्ययन प्रतिवेदन, क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूची नेपाली भाषामा तयार गर्नु पर्नेछ ।

तर वातावरणीय अध्ययन प्रतिवेदन, क्षेत्र निर्धारण प्रतिवेदन वा कार्यसूचीमा उल्लेख गर्नुपर्ने प्राविधिक शब्द तथा नेपाली भाषामा उल्लेख गर्दा सो शब्दको मूल आशयमा फरक पर्न सक्ने खालका शब्द अङ्ग्रेजी भाषामा उल्लेख गर्न सकिनेछ ।

(८) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी लगानी भएका प्रस्ताव वा विदेशी परियोजनाको हकमा तयार गरिने वातावरणीय अध्ययन प्रतिवेदन, क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूची नेपाली वा अङ्ग्रेजी भाषामा तयार गर्न सकिनेछ ।

(९) उपदफा (८) बमोजिमको अध्ययन प्रतिवेदन, क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूची अङ्ग्रेजी भाषामा तयार पारिएको भए सोको कार्यकारी सारांश सहितको संक्षिप्त प्रतिवेदन नेपाली भाषामा समेत तयार पार्नु पर्नेछ ।

८. <u>वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिको लागि पेश गर्नुपर्ने</u> : (१) प्रस्तावकले प्रदेश सरकारको अधिकारक्षेत्र भित्र पर्ने अनुसूची-१ र अनुसूची-२ मा उल्लिखित विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन भए सम्बन्धित मन्त्रालय समक्ष र अनुसूची-३ मा उल्लेखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन भए सम्बन्धित मन्त्रालय मार्फत मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(२) प्रस्तावकले स्थानीय तहको अधिकारक्षेत्र भित्र पर्ने विकास निर्माण सम्बन्धी कार्य वा आयोजनाको अनुसूची-३ मा उल्लेखित प्रस्तावकको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन भए सम्बन्धित स्थानीय तह मार्फत मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम पेश भएको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन सम्बन्धमा सम्बन्धित मन्त्रालयले वा सम्बन्धित स्थानीय तहले आवश्यक जाँचबुझ गरी सो सम्बन्धमा आफ्नो राय समेत उल्लेख गरी प्रतिवेदन स्वीकृतिको लागि सिफारिस सहित दश दिनभित्र मन्त्रालय समक्ष पठाउनु पर्नेछ ।

(४) प्रदेश सरकारको क्षेत्राधिकारभित्र पर्ने विकास निर्माण सम्बन्धी कार्य वा आयोजना मध्ये प्रदेश सरकारको एकभन्दा बढी मन्त्रालयसँग सम्बन्धित बहुउद्देश्यीय आयोजनाको सम्बन्धमा वातावरणीय अध्ययन सम्बन्धी एकीकृत प्रतिवेदन तयार गर्न चाहेमा सम्बन्धित प्रस्तावकले सम्बन्धित सरोकारवाला मन्त्रालयको राय समेत समावेश गरी प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(५) प्रस्तावकले यस दफा बमोजिम कुनै वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिको लागि पेश गर्दा सो प्रतिवेदनको साथ अनुसूची-१४ बमोजिमको ढाँचामा सम्बन्धित स्थानीय तह र सम्बन्धित विषयगत कार्यालयको सिफारिस समेत समावेश गर्नु पर्नेछ ।

तर संक्षिप्त वातावरणीय अध्ययनको हकमा भने विषयगत कार्यालयको सिफारिस आवश्यक पर्ने छैन ।

(६) उपदफा (५) बमोजिमको सिफारिसको लागि प्रस्तावकले सम्बन्धित स्थानीय तह र सम्बन्धित विषयगत कार्यालय समक्ष निवेदन दिनु पर्नेछ र सो निवेदन उपर जाँचबुझ गर्दा व्यहोरा मनासिब लागेमा सम्बन्धित स्थानीय तह वा सम्बन्धित विषयगत कार्यालयले उक्त निवेदन प्राप्त भएको मितिले दश दिनभित्र प्रस्तावकलाई सिफारिस उपलब्ध गराउनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिमको अवधिभित्र सम्बन्धित स्थानीय तह वा सम्बन्धित विषयगत कार्यालयबाट सिफारिस पत्र प्राप्त नभएमा प्रस्तावकले निवेदन पेश गरेको प्रमाण संलग्न राखी वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृति सम्बन्धी प्रक्रिया अघि बढाउन सक्नेछ ।

(८) प्रस्तावकले संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने कुनै प्रस्तावको हकमा कार्यसूची स्वीकृत भएको र वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने कुनै प्रस्तावको हकमा क्षेत्रनिर्धारण र कार्यसूची दुवै स्वीकृत भएको एक वर्षभित्र सो सम्बन्धी प्रतिवेदन तयार गरी स्वीकृतिको लागि पेश गर्नु पर्नेछ ।

(९) उपदफा (८) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष परिस्थिति सिर्जना भई सो अवधिभित्र प्रतिवेदन स्वीकृतिका लागि पेश हुन सक्ने अवस्था नभएमा सम्बन्धित प्रस्तावकले त्यस्तो वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने निकाय समक्ष म्याद थपको लागि निवेदन दिनु पर्नेछ ।

(१०) उपदफा (९) बमोजिम कुनै निवेदन प्राप्त भएकोमा त्यस्तो निकायले सो सम्बन्धमा जाँचबुझ गर्दा व्यहोरा मनासिब लागेमा बढीमा छ महिना अवधि थप गर्न सक्नेछ ।

(११) उपदफा (८) वा (१०) बमोजिमको अवधिभित्र कुनै प्रस्तावकले प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन पेश गर्न नसकेमा त्यस्तो प्रस्तावकले यस ऐनमा भएको व्यवस्था बमोजिम पुनः क्षेत्रनिर्धारण प्रतिवेदन वा कार्यसूची तयार गरी पेश गर्नु पर्नेछ ।

(१२) कुनै प्रस्तावको प्रभावित क्षेत्र बाहेक अन्य कुनै विषयमा परिवर्तन आउने भएमा प्रस्तावकले क्षेत्रनिर्धारण प्रतिवेदन वा कार्यसूची स्वीकृत भई नसकेको अवस्थामा त्यस्तो प्रतिवेदन वा कार्यसूचीमा र क्षेत्रनिर्धारण प्रतिवेदन वा कार्यसूची स्वीकृत भइसकेको अवस्थामा वातावरणीय अध्ययन प्रतिवेदनमा समावेश गरी पेश गर्नु पर्नेछ ।

९. <u>वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्नेः</u> (१) दफा ८ बमोजिम पेश भएको वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धमा स्वीकृत गर्ने निकायले आवश्यक जाँचबुझ गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ गरी राय सुझाव दिनका लागि स्वीकृत गर्ने निकायले सो निकायको प्रतिनिधि, प्रस्तावसँग सम्बन्धित सरोकारवाला निकायका प्रतिनिधि तथा आवश्यकता अनुसार विषयविज्ञ समेत रहेको समिति गठन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम गठित समितिले आवश्यकता अनुसार प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको स्थलगत निरीक्षण, अवलोकन र अनुगमन गरी आवश्यक तथ्याङ्क संकलन गरी सुझाव दिन सक्नेछ ।

(४) स्वीकृत गर्ने निकायले वातावरणीय अध्ययन प्रतिवेदनको सम्बन्धमा सरोकारवाला अन्य सरकारी निकायसँग आवश्यक राय सुझाव लिन सक्नेछ ।

(५) दफा ८ बमोजिम प्राप्त वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धमा जाँचबुझ गर्दा सो विषयमा थप वातावरणीय अध्ययन गर्नुपर्ने देखिएमा सम्बन्धित निकायले संक्षिप्त वातावरणीय अध्ययनको हकमा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय

प्रभाव मूल्याङ्कन र प्रारम्भिक वातावरणीय परीक्षणको हकमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्न प्रस्तावकलाई आदेश दिनु पर्नेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ८ बमोजिम प्राप्त वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको हकमा मन्त्रालयले राय सुझाव संकलन गर्नका लागि पाँच दिनको अवधि तोकी राष्ट्रियस्तरको कुनै एक दैनिक पत्रिकामा सूचना प्रकाशन गरी त्यस्तो प्रतिवेदन उतार (डाउनलोड) गर्न मिल्ने गरी मन्त्रालयको वेबसाइट मार्फत सार्वजनिक गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम सूचना प्रकाशन भएकोमा कुनै व्यक्ति वा संस्थाले आफ्नो कुनै राय सुझाव भए त्यस्तो अवधिभित्र सम्बन्धित निकायमा पठाउन सक्नेछ ।

(८) यस दफामा उल्लिखित प्रक्रिया पूरा गरी प्राप्त राय सुझाव समेतको आधारमा वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ गर्दा त्यस्तो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने नदेखिएमा त्यस्तो वातावरणीय अध्ययन प्रतिवेदनमा प्रस्तावकले पालना गर्नुपर्ने शर्तहरु भए सो समेत उल्लेख गरी देहायको अवधिभित्र उक्त प्रतिवेदन स्वीकृत गर्नु पर्नेछः-

(क) संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको हकमा सम्बन्धित मन्त्रालयले दश दिनभित्र,

(ख) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको हकमा मन्त्रालयले पन्ध्र दिनभित्र ।

(९) उपदफा (८) को प्रयोजनको लागि दिन गणना गर्दा कुनै विषयमा थप स्पष्ट गर्न लेखी पठाएको वा थप कागजात माग गरेकोमा माग बमोजिमको विषयमा स्पष्ट भई आएको वा थप कागजात प्राप्त भएको मितिबाट गणना गरिनेछ ।

(१०) कुनै व्यवस्थापन योजना, कार्ययोजना वा विस्तृत परियोजना प्रतिवेदनसँग सम्बन्धित वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्नु अघि त्यस्तो योजना वा परियोजना स्वीकृत गर्नु पर्नेछ ।

(११) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत स्वीकृतिको लागि पेश भईसकेको वातावरणीय अध्ययन प्रतिवेदन त्यस्तो

प्रतिवेदन पेश गर्दाका बखत प्रचलनमा रहेको कानूनी व्यवस्था अनुसार स्वीकृत गर्न बाधा पुग्ने छैन ।

१०. <u>पूरक वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी व्यवस्था</u> : (१) दफा ९ बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत भएको कुनै आयोजनाको भौतिक पुर्वाधार, डिजाइन वा स्वरुपमा केही परिमार्जन गर्नु परेमा, संरचना स्थानान्तरण वा फेरबदल गर्नु परेमा, वनक्षेत्र थप गर्नु परेमा वा आयोजनाको क्षमता वृद्धि गर्नु परेमा त्यस्तो कार्य गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्ने वा नपर्ने, त्यस्तो प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्न सकिने वा नसकिने सम्बन्धमा यकिन गर्न प्रस्तावकले पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नको लागि प्रस्तावकले आयोजनाको विभिन्न अवयवमा परिवर्तन गर्नु परेको कारण तथा त्यसबाट वातावरणमा पर्न सक्ने प्रतिकूल असरका बारेमा विश्लेषण गरी वातावरणीय परिसूचक बमोजिमको तुलनात्मक तालिका र अन्य आवश्यक पुष्ट्याई सहित मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ ।

तर मन्त्रालयले प्रस्तावकलाई पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन पेश गर्न आदेश दिएकोमा प्रस्तावकले निवेदन दिनु पर्ने छैन ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा मन्त्रालयले तोकिए बमोजिम पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन अनुमति दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम अनुमति प्राप्त कुनै प्रस्तावको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्दा प्रस्तावकले यस ऐन बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत गर्दा अपनाउनु पर्ने प्रक्रिया मध्ये क्षेत्रनिर्धारण र कार्यसूची स्वीकृत गराउने प्रक्रिया बाहेक अन्य सबै प्रक्रिया पुरा गर्नु पर्नेछ ।

तर प्रस्ताव कार्यान्वयनबाट प्रभावित हुने थप क्षेत्रको हकमा उक्त क्षेत्रको सम्बन्धित स्थानीय तह बाहेक अन्य निकायको सिफारिस आवश्यक पर्ने छैन ।

(५) पूरक वातावरणीय प्रभाव मूल्याङ्कन भई पेश भएको प्रतिवेदन सम्बन्धमा मन्त्रालयले राय सुझाव संकलन गर्नका लागि सात दिनको अवधि तोकी राष्ट्रियस्तरको

कुनै एक दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो प्रतिवेदन उतार (डाउनलोड) गर्न मिल्ने गरी सो निकायको वेबसाइट मार्फत सार्वजनिक गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम सूचना प्रकाशन भएकोमा कुनै व्यक्ति वा संस्थाले त्यस्तो अवधिभित्र सम्बन्धित निकायमा आफ्नो राय सुझाव पठाउन सक्नेछ ।

(७) यस दफा बमोजिमको प्रक्रिया पूरा गरी प्राप्त राय सुझाव समेतको आधारमा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन जाँचबुझ गर्दा व्यहोरा मनासिब लागेमा मन्त्रालयले त्यस्तो पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गर्नु पर्नेछ ।

(८) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक पटक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत भइसकेको आयोजनामा केही भौतिक पूर्वाधार, डिजाइन वा स्वरुप परिमार्जन गर्नुपर्ने वा संरचना स्थानान्तरण वा फेरबदल गर्नुपर्ने भए तापनि पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने अवस्था नदेखिएमा वा आयोजनाको क्षमता घटेमा वा रुख कटान सङ्ख्यामा थपघट गर्नुपर्ने भएमा मन्त्रालयले वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा रहेको वातावरणीय व्यवस्थापन योजना परिमार्जन गर्न स्वीकृति दिन सक्नेछ ।

११. <u>संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन परिमार्जन गर्न सक्ने</u> : (१) संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत भई सकेपछि सो प्रतिवेदनमा केही भौतिक पूर्वाधार, डिजाइन, क्षमता अभिवृद्धि वा स्वरुप परिमार्जन गर्नुपर्ने वा संरचना स्थानान्तरण वा फेरबदल गर्नुपर्ने भएमा वा आयोजनाको क्षमता घटेमा वा रुख कटान सङ्ख्यामा थपघट गर्नुपर्ने भएमा सम्बन्धित मन्त्रालयले त्यस्तो वातावरणीय अध्ययन प्रतिवेदन परिमार्जन गर्न स्वीकृति दिन सक्नेछ ।

तर संक्षिप्त वातावरणीय अध्ययन गरिएकोमा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने र प्रारम्भिक वातावरणीय परीक्षण गरिएकोमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने प्रस्तावको हकमा यो व्यवस्था लागू हुने छैन ।

(२) उपदफा (१) बमोजिम परिमार्जन गर्दा सो परिमार्जनको विषयमा सम्बन्धित सरोकारवालाहरुलाई जानकारी गराउन राष्ट्रिय दैनिक पत्रिकामा सात दिने

सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचना प्रस्तावकको वेबसाइट भएमा सोमा समेत प्रकाशन गर्नु पर्नेछ ।

१२. प्रस्ताव कार्यान्वयन गर्नुपर्ने : (१) प्रस्तावकले कुनै प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भएको मितिले दुई वर्षभित्र त्यस्तो प्रस्ताव कार्यान्वयन प्रारम्भ गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष परिस्थिति सिर्जना भई सो अवधिभित्र प्रस्तावको कार्यान्वयन प्रारम्भ हुन सक्ने अवस्था नभएकोमा सम्बन्धित प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने निकाय समक्ष म्याद थपको लागि निवेदन दिनु पर्नेछ र त्यस्तो निवेदनको व्यहोरा मनासिब लागेमा सो निकायले बढीमा छ महिनाको अवधि थप गर्न सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिमको अवधिभित्र प्रस्ताव कार्यान्वयन प्रारम्भ नगर्ने प्रस्तावकले यस ऐन बमोजिम त्यस्तो प्रस्तावको पुनः वातावरणीय अध्ययन गरी वातावरणीय अध्ययन प्रतिवेदन पेश गर्नु पर्नेछ ।

१३. प्रदेशस्तरीय रणनीतिक वातावरणीय विश्लेषण : (१) प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले प्रदेशस्तरीय रणनीतिक वातावरणीय विश्लेषण गर्नुपर्ने नीति, कार्यक्रम वा योजनाको सूची तयार गरी प्रदेश सरकार (मन्त्रिपरिषद्) समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त रणनीतिक वातावरणीय विश्लेषण गर्नुपर्ने नीति, कार्यक्रम वा योजनाको सूची प्रदेश सरकार (मन्त्रिपरिषद्) ले स्वीकृत गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको सूची अन्तर्गत पर्ने कुनै नीति, कार्यक्रम वा योजना सञ्चालन गर्ने सन्दर्भमा रणनीतिक वातावरणीय विश्लेषण गर्ने प्रयोजनको लागि सम्बन्धित मन्त्रालयले सोको क्षेत्रनिर्धारण प्रतिवेदन तयार गरी सहमतिका लागि मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त क्षेत्रनिर्धारण प्रतिवेदन अध्ययन गर्दा व्यहोरा मनासिब लागेमा मन्त्रालयले त्यस्तो प्रतिवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र सहमति प्रदान गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम मन्त्रालयको सहमति प्राप्त भएपछि सम्बन्धित मन्त्रालयले सो सहमति समेतलाई समावेश गरी तयार गरेको क्षेत्रनिर्धारण प्रतिवेदन स्वीकृतिका लागि प्रदेश सरकार (मन्त्रिपरिषद्) समक्ष पेश गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम पेश भएको क्षेत्रनिर्धारण प्रतिवेदन प्रदेश सरकार (मन्त्रिपरिषद्) ले स्वीकृत गरेमा सो प्रतिवेदनको आधारमा सम्बन्धित मन्त्रालयले रणनीतिक वातावरणीय विश्लेषण प्रतिवेदन तयार गरी सो उपर राय सुझाव संकलन गर्नका लागि पन्ध्र दिनको अवधि तोकी राष्ट्रियस्तरको कुनै एक दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो प्रतिवेदन उतार (डाउनलोड) गर्न मिल्ने गरी सो मन्त्रालयको वेबसाइट मार्फत सार्वजनिक गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम सूचना प्रकाशन भएकोमा कुनै व्यक्ति वा संस्थाले सो प्रतिवेदनको सम्बन्धमा आफ्नो कुनै राय सुझाव भए समयभित्र सूचना प्रकाशन गर्ने मन्त्रालयमा पठाउन सक्नेछ ।

(८) उपदफा (७) बमोजिम प्राप्त राय सुझाव समेतको आधारमा सम्बन्धित मन्त्रालयले रणनीतिक वातावरणीय विश्लेषण प्रतिवेदन तयार गरी सहमतिको लागि मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(९) उपदफा (८) बमोजिम प्राप्त रणनीतिक वातावरणीय विश्लेषण प्रतिवेदन अध्ययन गर्दा व्यहोरा मनासिब लागेमा मन्त्रालयले आवश्यक राय सुझाव सहित बढीमा पन्ध्र दिनभित्र सहमति उपलब्ध गराउनु पर्नेछ ।

(१०) उपदफा (९) बमोजिम मन्त्रालयबाट सहमति प्राप्त भएमा सम्बन्धित मन्त्रालयले त्यस्तो रणनीतिक वातावरणीय विश्लेषण प्रतिवेदन स्वीकृतिका लागि प्रदेश सरकार (मन्त्रिपरिषद्) समक्ष पेश गर्नु पर्नेछ ।

(११) उपदफा (१०) बमोजिम पेश भएको रणनीतिक वातावरणीय विश्लेषण प्रतिवेदन प्रदेश सरकार (मन्त्रिपरिषद्) ले स्वीकृत गर्न सक्नेछ ।

(१२) रणनीतिक वातावरणीय विश्लेषण सम्बन्धी आधार अनुसूची-१५ मा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद-३

## कोष तथा परिषद्

१४. <u>कोषको स्थापना र सञ्चालन</u> : (१) वातावरणको संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रण, जलवायु परिवर्तन व्यवस्थापन, सम्पदाको संरक्षणका लागि प्रदेश वातावरण संरक्षण कोष नामको एउटा कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन्:-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त रकम,

(ख) स्वदेशी संघ संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ग) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(४) कोषको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रण कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ ।

(५) कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

१५. <u>परिषद् गठन</u> : (१) वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी कार्यलाई प्रदेशस्तरमा प्रभावकारी रुपमा सञ्चालन गर्न मुख्यमन्त्रीको अध्यक्षतामा एक वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन प्रदेश परिषद् रहनेछ ।

(२) उपदफा (१) बमोजिमको परिषद्मा देहायका अध्यक्ष तथा सदस्य रहनेछन्:-

(क) मुख्यमन्त्री -अध्यक्ष

(ख) प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री -सदस्य

(ग) मुख्यमन्त्रीले तोकेको प्रदेश सरकारका दुईजना मन्त्रीहरु -सदस्य

(घ) प्रदेश नीति तथा योजना आयोगको वातावरण हेर्ने सदस्य -सदस्य

(ङ) स्थानीय तहका प्रमुखहरु मध्ये अध्यक्षबाट मनोनित कम्तीमा एकजना महिला सहित दुईजना -सदस्य

(च) वन तथा वातावरण विषयका प्राध्यापकहरु मध्ये अध्यक्षबाट

मनोनीत एकजना -सदस्य

(छ) वातावरण तथा जलवायुको क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तिहरु मध्ये एकजना महिला सहित अध्यक्षबाट मनोनीत दुई जना -सदस्य

(ज) सचिव, मन्त्रालय -सदस्य सचिव

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि मन्त्री भन्नाले मन्त्री नभएको अवस्थामा मन्त्रालयको जिम्मेवारी वहन गर्ने राज्यमन्त्री समेतलाई जनाउँदछ ।

(३) अध्यक्षले सदस्यहरु मध्येबाट वरिष्ठ मन्त्रीलाई उपाध्यक्ष तोक्न सक्नेछ ।

(४) उपदफा (२) को खण्ड (ङ), (च) र (छ) बमोजिम मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(५) उपदफा (१) बमोजिम मनोनीत सदस्यले पदीय जिम्मेवारी पूरा नगरेमा अध्यक्षले निजलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

१६. परिषद्को बैठक : (१) परिषद्को बैठक वर्षमा कम्तीमा दुईपटक परिषद्को अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) परिषद्को सदस्य सचिवले अध्यक्षसँग परामर्श गरी परिषद्को बैठक बस्ने मिति, समय र स्थान, बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समय भन्दा कम्तीमा सात दिन अगाडि सबै सदस्यलाई जानकारी गराउनु पर्नेछ ।

तर तत्काल परिषद्को बैठक बोलाउन आवश्यक भएमा परिषद्को अध्यक्षले कम्तिमा दुई दिन अगाडि परिषद्को बैठक बोलाउन सक्नेछ र यसरी बैठक बोलाइएकोमा परिषद्को सदस्य सचिवले सो को सूचना यथाशिघ्र सबै सदस्यलाई जानकारी गराउनु पर्नेछ ।

(३) कुल सदस्य सङ्ख्याको बहुमत सदस्य उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा परिषद्को उपाध्यक्षले गर्नेछ ।

(५) परिषद्को निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्नेले निर्णायक मत दिनेछ ।

(६) परिषद्को बैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारी, सम्बन्धित निकाय वा संघ संस्थाका प्रतिनिधि वा वातावरण विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(७) परिषद्को निर्णय परिषद्को सदस्य सचिवले प्रमाणित गर्नेछ ।

(८) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

१७. <u>परिषदको काम, कर्तव्य र अधिकार</u> : परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दीर्घकालीन नीति, योजना तथा कार्यक्रममा वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी विषयलाई एकीकृत रुपमा समावेश गर्दै लैजान मन्त्रालय तथा अन्य निकायलाई आवश्यकता अनुसार निर्देशन दिने,

(ख) वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी कार्यमा स्थानीय तहलाई आवश्यक नीतिगत मार्गदर्शन गर्ने,

(ग) प्रदूषण नियन्त्रण, फोहरमैला व्यवस्थापन र सम्पदा संरक्षणको लागि प्रादेशिक प्रणालीको विकासको लागि नीति तय गर्ने,

(घ) वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी आर्थिक स्रोतको व्यवस्थापन गर्ने र सोको लागि सहजीकरण गर्ने,

(ङ) प्राकृतिक, साँस्कृतिक र भौतिक संशाधन एवम् सम्पदाको उपयोग, व्यवस्थापन, विकास तथा संरक्षणको लागि मन्त्रालयलाई मार्गदर्शन गर्ने, र

(च) वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी कार्यको मूल्याङ्कन गर्ने ।

## परिच्छेद-४

## <u>विविध</u>

१८. <u>अधिकार प्रत्यायोजन</u> : मन्त्रालयले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार निर्देशनालय वा वातावरण निरीक्षक वा कुनै अधिकृत कर्मचारी वा कुनै निकायलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१९. <u>प्रचलित कानून बमोजिम हुने</u> : यस ऐनमा लेखिएको कुरामा यसै बमोजिम र वातावरण संरक्षण सम्बन्धी अन्य विषयमा प्रचलित संघीय कानून बमोजिम हुनेछ ।

२०. <u>नियम बनाउने अधिकार</u> : यो ऐन कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

२१. <u>निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्ने</u> : यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको प्रतिकूल नहुने गरी प्रदेश सरकारले आवश्यक निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

२१. (क) <u>अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने</u> : प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी यस ऐन बमोजिम आवश्यकता अनुसार अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेछ ।

२२. <u>खारेजी र बचाउ</u> : (१) सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण अध्यादेश, २०७७ खारेज गरिएको छ ।

(२) सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण अध्यादेश, २०७७ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची-१

(दफा ३, दफा ५ को उपदफा (२) को खण्ड (क) र दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

## संक्षिप्त वातावरणीय अध्ययन गर्नु पर्ने प्रस्ताव

(क) वन क्षेत्र :

(१) १० देखि ५० हेक्टरसम्मको क्षेत्रफलमा एकल प्रजातिका स्वदेशी बिरुवा एउटै ब्लकमा वृक्षारोपण गर्ने,

(२) सम्बन्धित ठाउँमा परीक्षण भई वृक्षारोपणको लागि उपयुक्त भएका आयातित प्रजातिका बिरुवा १० हेक्टरसम्मको क्षेत्रफलमा एउटै ब्लकमा वृक्षारोपण गर्ने,

(३) २० हेक्टरसम्म क्षेत्रफलमा नयाँ वनस्पति उद्यान, वन-बीउ बगैंचा वा प्राणी उद्यान (चिडियाखाना) निर्माण गर्ने,

(४) आयातित जङ्गली जनावर वन क्षेत्रमा छाड्ने,

(५) वन क्षेत्र, मध्यवर्ती क्षेत्र वा संरक्षण क्षेत्रभित्र रहेका प्रत्येक नदी, खोलाबाट दैनिक ५० घन मिटरसम्म बालुवा, ढुङ्गा, ग्राभेल र माटो संकलन गर्ने,

(६) विद्युत् प्रसारण लाइन निर्माणबाहेक अन्य प्रयोजनको लागि प्रयोग १ हेक्टरसम्मको वन क्षेत्र, वन संरक्षण क्षेत्र, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र, वातावरण संरक्षण क्षेत्रको वनको जग्गा प्रयोग गर्ने ।

(७) एक जिल्लाबाट वार्षिक ५ मेट्रिक टनसम्म खोटो संकलन गर्ने,

(८) मध्यवर्ती क्षेत्र, वन संरक्षण क्षेत्र, संरक्षण क्षेत्र वा वातावरण संरक्षण क्षेत्रमा निजी जग्गा बाहेक अन्यत्र नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले उपभोक्ता समूह मार्फत निर्माण तथा सञ्चालन गर्ने आयोजना निर्माण गर्ने,

(९) आनुवांशिक स्रोत माथि पहुँच, उपयोग र लाभको बाँडफाँड गर्ने,

(१०) तराईमा २० हेक्टरसम्म र पहाडमा ५ हेक्टरसम्म क्षेत्रफलको वन क्षेत्र व्यावसायिक कबुलियती वनको रूपमा दिने,

(११) नेपाल सरकारले वन अनुसन्धान प्रयोजनका लागि वार्षिक १५ हेक्टर क्षेत्रफलसम्मको राष्ट्रिय वन सरपट कटान गर्ने,

(१२) ५ देखि १० किलोमिटरसम्म लम्बाईको वन पथ वा अग्नी रेखा निर्माण गर्ने,

(१३) वन संरक्षण क्षेत्र, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र, वातावरण संरक्षण क्षेत्र वा रामसारमा सूचीकृत सीमसार क्षेत्रबाट भएर बग्ने नदीनालाको सतहबाट व्यावसायिक प्रयोजन बाहेक आयोजना सञ्चालक आफैंले सञ्चालन गर्ने विकास निर्माणका लागि आवश्यक पर्ने बालुवा, ढुङ्गा, ग्राभेल र माटो दैनिक ५० घनमिटरसम्म निकाल्ने कार्य ।

(१४) वन संरक्षण क्षेत्र, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र, वातावरण संरक्षण क्षेत्र वा रामसारमा सूचीकृत सीमसार क्षेत्रमा १ मेघावाट भन्दा कम क्षमताका जलविद्युत आयोजना निर्माण गर्ने ।

(ख) स्वास्थ्य क्षेत्र : १६ देखि २५ शैयासम्मको अस्पताल, नर्सिङ्ग होम वा चिकित्सा व्यवसाय सञ्चालन गर्ने ।

(ग) पर्यटन क्षेत्र :

(१) २५ देखि ५० बेडसम्मको होटल वा रिसोर्ट निर्माण, स्थापना तथा सञ्चालन गर्ने ।

(२) दुई करोडदेखि पाँच करोडसम्म लगानी हुने वञ्जी जम्पिङ्ग, स्वीङ्ग, क्यानोनिङ, स्काई डाइभिङ्ग, जिप फ्लाइङ्ग, हाई रोप्स, स्काई वाक, प्याराग्लाइडिङ्ग, अल्ट्रालाइट, एम्युजमेण्ट पार्क र फन पार्क तथा अन्य साहसिक एवं पर्यटन पूर्वाधारका आयोजना निर्माण तथा सञ्चालन ।

(घ) यातायात क्षेत्र :

(१) २५० मिटर लम्बाईसम्मको पुल निर्माण गर्ने,

(२) स्थानीय सडक निर्माण गर्ने ।

(ङ) ऊर्जा, जलस्रोत तथा सिँचाइ क्षेत्र :

(१) १०० हेक्टरसम्म लिफ्ट सिँचाइ आयोजना निर्माण गर्ने,

(२) ६६ के.भी. सम्मको विद्युत् प्रसारण लाइन आयोजनाका लागि वन क्षेत्र प्रयोग गर्ने,

(३) जल तथा मौसम मापन केन्द्र वा मौसमी राडार स्थापना कार्य गर्दा वन क्षेत्र प्रयोग गर्ने ।

(च) आवास, भवन तथा बस्ती विकास र शहरी विकास क्षेत्र :

(१) १५.५ देखि २५ मिटरसम्म उचाइका भवन निर्माण गर्ने,

(२) ३,००० देखि ५,००० वर्गमिटर क्षेत्रफलसम्मको Built Up Area वा Floor Area भएको आवासीय, व्यावसायिक वा आवासीय र व्यावसायिक दुवै प्रकृति भएको संयुक्त भवन निर्माण गर्ने,

(३) ५०० देखि १,००० जनासम्म एकैपटक आगमन तथा निगमन हुने सिनेमा हल, थिएटर, सामुदायिक भवन, रङ्गशाला, कन्सर्ट हल, स्पोर्टस कम्प्लेक्स निर्माण गर्ने,

(४) ५ देखि १० हेक्टरसम्मको जग्गा आयोजना सञ्चालन गर्ने,

(५) १ देखि ५ हेक्टरसम्म Hard Surface Pavement (Dry Port, Bus Park, Parking Lot आदि) निर्माण गर्ने,

(६) ५,००० देखि १०,००० लिटरसम्म दैनिक पानीको प्रयोग हुने भवन निर्माण तथा सञ्चालन गर्ने ।

(छ) उद्योग क्षेत्र :

(१) मेसिन उपकरणमा १ देखि ५ करोड रुपैयाँसम्म लगानी भएको वर्कशप (मर्मत सम्भार गर्ने समेत) स्थापना तथा सञ्चालन गर्ने,

(२) वन क्षेत्र बाहेक अन्य स्थानमा १० हेक्टरसम्मको क्षेत्रमा औद्योगिक ग्राम स्थापना गर्ने,

(३) साधारण निर्माणमुखी ढुङ्गा, डेकोरेटिभ ढुङ्गा, बालुवा, ग्राभेल, औद्योगिक माटो र साधारण माटो उत्खनन्को लागि दैनिक ५० घन मिटरसम्म उत्खनन् कार्य गर्ने,

(४) नदी नाला सतहबाट दैनिक १०० घनमिटर सम्म बालुवा, ग्राभेल, गिर्खा माटो निकाल्ने ।

(ज) शिक्षा क्षेत्र : ५० शैयासम्मको शिक्षण अस्पताल सञ्चालन गर्ने ।

(झ) खानी क्षेत्रः

(१) साधारण निर्माणमुखी ढुङ्गा, ग्राभेल, औद्योगिक माटोको लागि दैनिक ५० घन मिटरसम्म उत्खनन् गर्ने ।

अनुसूची-२

(दफा ३, दफा ५ को उपदफा (२) को खण्ड (क) र दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

## प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने प्रस्ताव

(क) वन क्षेत्र :

(१) तराईमा ५० हेक्टर भन्दा बढी देखि ५०० हेक्टरसम्म र पहाडमा ५० हेक्टर भन्दा बढी देखि २५० हेक्टरसम्मको क्षेत्रफलमा एकल प्रजातिका स्वदेशी बिरुवा एउटै ब्लकमा वृक्षारोपण गर्ने,

(२) सम्बन्धित ठाउँमा परीक्षण भई वृक्षारोपणको लागि उपयुक्त भएका आयातित प्रजातिका बिरुवा तराईमा १० हेक्टर भन्दा बढी देखि ५० हेक्टरसम्म र पहाडमा १० हेक्टर भन्दा बढी देखि २५ हेक्टरसम्मको क्षेत्रफलमा एउटै ब्लकमा वृक्षारोपण गर्ने,

(३) तराईमा २० हेक्टर भन्दा बढी देखि १०० हेक्टरसम्म र पहाडमा ५ हेक्टर भन्दा बढी देखि ५० हेक्टरसम्म क्षेत्रफलको व्यावसायिक वन कबुलियती वनको रूपमा दिने,

(४) प्रदेश सरकारले वन अनुसन्धान प्रयोजनको लागि वार्षिक १५ हेक्टर भन्दा बढी देखि ३० हेक्टर क्षेत्रफलसम्मको राष्ट्रिय वन सरपट कटान गर्ने,

(५) राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, मध्यवर्ती क्षेत्र, वन संरक्षण क्षेत्र, संरक्षण क्षेत्र वा वातावरण संरक्षण क्षेत्र स्थापना वा विस्तार गर्ने,

(६) २० हेक्टरभन्दा बढीको क्षेत्रफलमा नयाँ वनस्पति उद्यान, वन-बीउ बगैंचा र प्राणी उद्यान (चिडियाखाना) निर्माण गर्ने,

(७) राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष, सिमसार क्षेत्र वा संरक्षित जलाधार क्षेत्रको व्यवस्थापन कार्ययोजना तयार गर्ने,

(८) देहायको परिमाणमा वन पैदावार संकलन गर्ने गरी जिल्ला भित्रको पञ्चवर्षीय वन कार्ययोजना, मध्यवर्ती क्षेत्र वा संरक्षण क्षेत्रको व्यवस्थापन योजना वा वन संरक्षण क्षेत्रको कार्ययोजना तयार गर्ने :-

(क) वार्षिक ५० मेट्रिक टनसम्म जरा तथा गानो संकलन गर्ने,

(ख) वार्षिक १५० मेट्रिक टनसम्म बोक्रा संकलन गर्ने,

(ग) वार्षिक १५० मेट्रिक टनसम्म पात वा डाँठ संकलन गर्ने (सालसिड, रिठ्ठा र अमला, तेन्दुपात, भोर्लापात, तेजपात बाहेक),

(घ) वार्षिक १५० मेट्रिक टनसम्म फूल वा भुवा संकलन गर्ने,

(ङ) वार्षिक २०० मेट्रिक टनसम्म फल वा बीज संकलन गर्ने,

(च) वार्षिक १५० मेट्रिक टनसम्म बिरुवा संकलन गर्ने,

(छ) वार्षिक २०० मेट्रिक टनसम्म गम, रेजिन (सल्लाको खोटो बाहेक) वा लोहवान संकलन गर्ने,

(ज) वार्षिक २ लाख घन फिट भन्दा बढी काठ उत्पादन तथा संकलन गर्ने,

(९) सार्वजनिक बुट्यान क्षेत्रमा जडिबुटी वा सुगन्धित वनस्पतिको व्यावसायिक उत्पादनको लागि जडिबुटी केन्द्र स्थापना गर्ने,

(१०) प्रचलित कानून अनुसार प्रशोधन गरी सारतत्त्व निकाली निकासी गर्न पाइने प्रजातिको हकमा एक जिल्लाबाट प्रति प्रजाति २० देखि १०० टनसम्म वन पैदावर संकलन गर्ने,

(११) सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, कबुलियती वन, वन संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र, सीमसार क्षेत्र वा संरक्षण क्षेत्र भएर बहने प्रत्येक नदी, खोलाबाट दैनिक ५० घन मिटरभन्दा बढी बालुवा, ढुङ्गा, ग्राभेल र माटो संकलन गर्ने,

(१२) १ देखि ५ हेक्टरसम्मको वन क्षेत्र अन्य प्रयोजनको लागि प्रयोग गर्ने,
तर यो ऐन प्रारम्भ हुनु अघि वन क्षेत्रमा सडकको ट्र्याक तयार भएको हकमा सो सडकको स्तरोन्नति गर्दा थप हुने वन क्षेत्रको क्षेत्रफल मात्र गणना गर्नु पर्नेछ ।

(१३) वन क्षेत्र, संरक्षण क्षेत्र भित्रको वन क्षेत्र, मध्यवर्ती क्षेत्र भित्रको वन क्षेत्र, सिमसार क्षेत्र वा वातावरण संरक्षण क्षेत्र भित्रको वन क्षेत्रमा २५ बेडसम्मको रिसोर्ट वा होटल, २५ शैयासम्मको अस्पताल वा २५ कोठा सम्मको शिक्षण संस्था निर्माण गर्ने,

(१४) स्वीकृत वन कार्ययोजना बमोजिम ५ हेक्टरभन्दा बढी क्षेत्रबाट कटान भएका रुखको जरा, ठुटा निकाल्ने,

(१५) बाह्य (एक्जोटिक) तथा मिचाहा (इन्भेसिभ) जङ्गली प्राणी तथा वनस्पतिको स्थापना (Introduced) लगायत जि.एम.ओ. (Genetically Modified Organism) र एल.एम.ओ. (Living Modified Organism) प्रभावित प्रजाति तथा प्रविधिको स्थापना, प्रसारण तथा अनुसन्धान सम्बन्धी कार्य गर्ने,

(१६) एक जिल्लाबाट वार्षिक ५ मेट्रिक टन भन्दा बढी खोटो संकलन गर्ने,

(१७) १० किलोमिटर भन्दा बढी लम्बाईको वन पथ वा अग्नी रेखा निर्माण गर्ने,

(१८) देहायका प्रस्तावहरुः-

(क) मध्यवर्ती क्षेत्र भित्र विद्युत् प्रसारण लाइन वा विद्युत प्रसारण लाइनबाट ट्याप गरी नयाँ आउटडोर सबस्टेशन निर्माण कार्य,

(ख) वन संरक्षण क्षेत्र, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र वा वातावरण संरक्षण क्षेत्रभित्र १० मेगावाटसम्मको जलविद्युत आयोजना वा १३२ के.भि. वा सो भन्दा कम भोल्टेजस्तरका विद्युत प्रसारण वा वितरण लाइन र सो अन्तर्गतका सबस्टेशन निर्माण कार्य ।

(ग) वन संरक्षण क्षेत्र, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र, वातावरण संरक्षण क्षेत्र वा रामसारमा सूचीकृत सीमसार क्षेत्रमा १ मेगावाटभन्दा वढी २५ मेगावाट क्षमतासम्मका जलविद्युत् आयोजना निर्माण गर्ने ।

(१९) विद्युत् प्रसारण लाइन निर्माण बाहेक अन्य प्रयोजनको लागि प्रयोग १ हेक्टरभन्दा बढी ५ हेक्टरसम्मको वन क्षेत्र, वनसंरक्षण क्षेत्र, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र, वातावरण संरक्षण क्षेत्रको वनको जग्गा प्रयोग गर्ने ।

तर २०७७ साल असार १ गतेभन्दा अघि वन क्षेत्रमा सडकको ट्र्याक तयार भएको हकमा सो सडकको स्तरोन्नति गर्दा थप हुने वन क्षेत्रको क्षेत्रफल मात्र गणना गर्नु पर्नेछ ।

(२०) सिमेण्ट उद्योगको लागि कच्चा पदार्थकको रुपमा रहेको चुनढुङ्गा उत्खनन् कार्यका लागि १ देखि २५ हेक्टरसम्मको वन क्षेत्रको जग्गा प्रयोग गर्ने ।

तर सिमेण्ट उद्योगमा प्रयोग हुने चुनढुङ्गा उत्खनन् गर्ने आयोजनाको लागि वातावरणीय प्रतिवेदन तयार गर्दा वातावरणीय व्यवस्थापन योजना संलग्न भएको हुनु पर्नेछ ।

(ख) उद्योग क्षेत्र :

(१) ब्लेण्डिङ्ग प्रक्रियाबाट मदिरा उत्पादन गर्ने वा दैनिक ५ लाख लिटरसम्म क्षमता भएको उमाल्ने र फर्मेन्टेशन सुविधायुक्त डिस्टिलरी, ब्रुअरी वा वाइनरी उद्योग स्थापना गर्ने,

(२) कार्बोनेटेड वा ननकार्बोनेटेड ब्रेभरेज, जुस आदि उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(३) वनस्पति घ्यू वा खाने तेल उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(४) दैनिक १ मेट्रिक टन भन्दा बढी चिया, कफी, जडिबुटी आदि प्रशोधन गर्ने उद्योग स्थापना गर्ने,

(५) दैनिक ३,००० मेट्रिक टनसम्म खाँडसारी वा चिनी उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(६) दैनिक १० मेट्रिक टनभन्दा बढी खाद्य पदार्थ उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(७) दैनिक २५ मेट्रिक टनसम्म हाड, सिङ्ग वा खुर प्रशोधन गर्ने उद्योग स्थापना गर्ने,

(८) दैनिक १५,००० वर्गफिटसम्म छाला प्रशोधन गर्ने उद्योग स्थापना गर्ने,

(९) पाइपलाईन बाहेक व्यापारिक प्रयोजनको लागि प्रति सेकेण्ड १० लिटरभन्दा बढीको दरले पानी प्रशोधन गर्ने उद्योग स्थापना गर्ने,

(१०) कुकिङ्ग (एल. पी. जी.) ग्याँस, बायोग्याँस, नेचुरल ग्याँसको उत्पादन, भण्डारण, फिलिङ्ग, रिफिलिङ्ग गर्ने उद्योग स्थापना गर्ने,

(११) कार्बन डाईअक्साईड, अक्सिजन, नाईट्रोजन, ऐसिटिलिन आदि उत्पादन तथा रिफिलिङ्ग गर्ने उद्योग स्थापना गर्ने,

(१२) वार्षिक ३ करोड गोटासम्म उत्पादन क्षमता भएको पोलेको इटा, टायल आदि बनाउने उद्योग स्थापना गर्ने,

(१३) दैनिक १० हजार भन्दा बढी Compressed Bricks, Hollow Bricks/Blocks उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(१४) दैनिक १००० मेट्रिक टनसम्म क्षमताको क्रसर उद्योग स्थापना गर्ने,

(१५) दैनिक २५ मेट्रिक टन भन्दा बढी बालुवा प्रशोधन गर्ने उद्योग स्थापना गर्ने,

(१६) दैनिक १०० मेट्रिक टनसम्म उत्पादन क्षमता भएको एसिड वा अल्काली उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(१७) Chemical (Plasticizer, Chlorine, Sodium Hypo-chloride आदि), Glue, Adhesives बनाउने उद्योग स्थापना गर्ने,

(१८) Zinc Oxide उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(१९) श्रृङ्गार सामान बाहेकका रङ्ग रोगन उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(२०) ब्लेण्डिङ्ग, रिप्रोसेसिङ्ग वा रिक्लामेशन प्रक्रियाबाट लुब्रिकेन्टस् उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(२१) ब्लेण्डिङ्ग प्रक्रियाबाट विटुमिन वा विटुमिन इमल्सनको उत्पादन तथा रिफिलिङ्ग गर्ने उद्योग स्थापना गर्ने,

(२२) Mosquito Repellent (झोल, क्वाईल, ट्याबलेट, लोसन आदि), धुप आदि उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(२३) दैनिक ५ मेट्रिक टन भन्दा बढी डिटरजेन्ट, स्याम्पु, लिक्विड क्लिनर, क्लिनिङ्ग पाउडर, स्यानिटाईजर, फ्रेसनर आदि उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(२४) दैनिक १ मेट्रिक टन भन्दा बढी साबुन उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(२५) ब्याट्री (ड्राइ वा वेट वा लिथियम आयोन) उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(२६) दैनिक ५० मेट्रिक टनसम्म (ड्राई वा वेट) ब्याट्री रिसाईक्लिङ्ग गर्ने उद्योग स्थापना गर्ने,

(२७) दैनिक ५ मेट्रिक टनसम्म फोम उत्पादन उद्योग (फोमको प्रयोग गरी २ मेट्रिक टन भन्दा बढी वस्तु उत्पादन गर्ने उद्योग समेत) स्थापना गर्ने,

(२८) परम्परागत घरेलु उद्योग बाहेकका दैनिक १०० मेट्रिक टनसम्म उत्पादन क्षमता भएको पल्प वा कागज उद्योग स्थापना गर्ने,

(२९) दैनिक १ मेट्रिक टन भन्दा बढी स्टेशनरी सामान (पेन, डटपेन, सिसाकलम, कापी रजिस्टर आदि) उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(३०) दैनिक ५ मेट्रिक टन भन्दा बढी प्याकेजिङ्ग (कोरुगेटेड बक्स, कार्डबोर्ड आदि) उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(३१) परम्परागत घरेलु उद्योग बाहेकका धागो तथा कपडा रङ्गाई वा धुलाई वा छपाई गर्ने उद्योग (गलैंचा, पस्मिना समेत) स्थापना गर्ने,

(३२) दैनिक ५ मेट्रिक टन भन्दा बढी धागो प्रयोग गरी कपडा उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(३३) स्पिनिङ्ग मिल स्थापना गर्ने,

(३४) जुट उद्योग स्थापना गर्ने,

(३५) Coir Rope वा Coir Mattress उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(३६) चुनढुङ्गा वा क्लिङ्करमा आधारित दैनिक ३,००० मेट्रिक टनसम्म उत्पादन क्षमता भएको क्लिङ्कर वा सिमेन्ट उद्योग स्थापना गर्ने,

(३७) दैनिक ३,००० मेट्रिक टनसम्म चुन उत्पादन क्षमता भएको उद्योग स्थापना गर्ने,

(३८) दैनिक १० मेट्रिक टन भन्दा बढी उत्पादन क्षमता भएको वा २० करोड देखि २ अर्ब रुपैयाँसम्म मेसिन उपकरणमा लगानी हुने खनिजजन्य पदार्थ प्रशोधन गर्ने उद्योग स्थापना गर्ने,

(३९) औषधी उद्योग स्थापना गर्ने वा दैनिक ५० मेट्रिक टनसम्म औषधीको लागि प्रारम्भिक कम्पाउण्ड (Bulk Drugs) संश्लेषण (Formulation) गर्ने उद्योग स्थापना गर्ने,

(४०) दैनिक ५०० किलोग्राम भन्दा बढी आयुर्वेदिक औषधी उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(४१) दैनिक ५ मेट्रिक टन भन्दा बढी प्लाष्टिकका सामान (पाईप, फिटिङ्ग, यार्न, Wrapper, आदि उत्पादन गर्ने सहित) उत्पादन गर्ने उद्योग (खेर गएको प्लाष्टिकको कच्चा पदार्थ वा Virgin Granuals, Resin, Compound मा आधारित) स्थापना गर्ने,

(४२) टायर, ट्युब्स र रबर प्रशोधन तथा उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(४३) पुरानो टायर तथा प्लाष्टिक प्रशोधन गरी इन्धन (तेल) निकाल्ने उद्योग स्थापना गर्ने,

(४४) एनोडाइजिङ्ग, इलेक्ट्रोप्लेटिङ्ग तथा ग्याल्भनाइजिङ्ग गर्ने उद्योग (सुन चाँदीमा Plating गर्ने घरेलु उद्योग बाहेक) स्थापना गर्ने,

(४५) रोलिङ्ग मिल उद्योग स्थापना गर्ने,

